# जिल्ला समन्वय समितिको कार्यालय,सुर्खेत

## कर्णाली प्रदेश,नेपाल

☎ ०८३-५२०१७४/५२१३६८
वीरेन्द्रनगर-८ शान्ति मार्ग

पत्र संख्या :२०८१/०८२ व्यवस्थापन शाखा (प्रशासन)
चलानी नम्बर : ४८६

मिति: २०८२/०१/०३
ने.सं. ११४५ चौलाग तृतिया

श्री राष्ट्रिय सूचना आयोग,
काठमाडौँ, नेपाल ।

विषय: स्वत:प्रकाशन सम्वन्धमा ।

प्रस्तुत विषयमा यस कार्यालयबाट आ.व.२०८१/०८२ को तेस्रो त्रैमासिक अवधि (२०८१ माघ देखि चैत्र मसान्त सम्म) सम्पादन गरिएको कार्यहरुको सूचनाको हक सम्बन्धी ऐन २०६४ को दफा ५(३) र नियमावलीको नियम ३ बमोजिम अद्यावधिक गरी प्रकाशन गरिएको विवरण यसै पत्रसाथ संलग्न राखी पठाईएको व्यहोरा अनुरोध छ ।

(हस्ताक्षर) २०८२/०१/०३
(मेघनाथ सापकोटा)
जिल्ला समन्वय अधिकारी

**बोधार्थ**

श्री जिल्ला प्रशासन कार्यालय,सुर्खेत ।
श्री हुलाक निर्देशनालय,सुर्खेत ।

Website: www.dccsurkhet.gov.np
E-mail: dccsurkhet@gmail.com

CamScanner

सुचनाको हक सम्बन्धी ऐन,२०६४ को दफा ५ र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम स्वत:प्रकाशन गर्नुपर्ने विवरणहरु देहाय बमोजिम रहेको छ ।

# आ.व. २०८१/०८२ को माघ देखि चैत महिना सम्म सम्पादन गरिएको कार्यहरुको तेस्रो त्रैमासिक विवरण

## स्वत: प्रकाशन

## (Proactive Disclosures)




जिल्ला समन्वय समितिको कार्यालय,
वीरेन्द्रनगर,सुर्खेत

सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम (३) बमोजिम जिल्ला समन्वय समितिको कार्यालय, सुर्खेतको मिति २०८१ माघ देखि चैत मसान्त सम्ममा सम्पादित कार्यहरुको संक्षिप्त विवरण देहाय अनुसार प्रकाशित गरिएको व्यहोरा सम्बन्धित सबैमा जानकारीका लागि अनुरोध छ ।

**क) जिल्ला समन्वय समितिको कार्यालयको स्वरुप र प्रकृति**

मिति २०१७ सालमा पञ्चायती व्यवस्थाको सुरुवात भएसँगै हरेक जिल्लामा एउटा जिल्ला पञ्चायत कार्यालय रहने व्यवस्था गरिएको थियो । मिति २०४६ सालमा पञ्चायती व्यवस्थाको अन्त्य भएसँगै जिल्ला विकास समितिको कार्यालयको स्थापना भएको थियो ।

नेपालको संविधान २०७२ जारी भएसँगै उक्त संविधानको धारा ५६ को उपधारा ३ मा भएको व्यवस्था अनुसार मिति २०७३/११/२७ गते देखि जिल्ला समन्वय समितिको कार्यालयको स्थापना भएको होयस कार्यालयको मुख्य भुमिका जिल्ला स्थित संघ, प्रदेश र स्थानीय तहहरुसँग समन्वय, सहजीकरण र अनुगमन गर्ने रहेको छ ।

**ख) जिल्ला समन्वय समितिको कार्यालयको काम, कर्तव्य र अधिकार**

१. जिल्लाभित्रका गाउँपालिका वा नगरपालिका बिचको विकास निर्माणका विषय पहिचान गर्न तथा व्यवस्थापन गर्न आवश्यक समन्वय गर्ने ।

२. जिल्लाभित्र सरकारी तथा गैरसरकारी क्षेत्रबाट सञ्चालित विकास निर्माण सम्बन्धी कार्यक्रमको विवरण तयार गरी त्यस्ता कार्यक्रमको प्रभावकारिता तथा व्यवस्थापनका विभिन्न चरणमा अनुगमन गर्ने, त्यस्ता कार्यक्रमको प्रतिफलका सम्बन्धमा क्षेत्र वा समुदायगत, विषय क्षेत्रगत र पर्यावरणीय सन्तुलन कायम गर्न आवश्यक सुझाव वा मार्गदर्शन दिने र त्यसरी दिएका सुझाव वा मार्गदर्शनलाई सार्वजनिक गर्ने ।

३. जिल्लाभित्रका गाउँपालिका तथा नगरपालिकाको क्षमता विकासको लागि प्रदेश तथा सङ्घसँग समन्वय गर्ने ।

४. जिल्लामा रहने सङ्घीय वा प्रदेश सरकारी कार्यालय र गाउँपालिका तथा नगरपालिका बिच समन्वय गर्ने ।

५. जिल्लाभित्रका गाउँपालिका र नगरपालिकाबिच कुनै विवाद उत्पन्न भएमा सोको समाधानका लागि समन्वय तथा सहजीकरण गर्ने ।

६. जिल्लाभित्रको प्राकृतिक प्रकोप तथा विपद् व्यवस्थापन सम्बन्धी योजना र कार्यको समन्वय गर्ने ।

७. जिल्लाभित्रको विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्न गैरसरकारी सङ्घ संस्था तथा निजी क्षेत्रसँग समन्वय गर्ने ।

जिल्ला समन्वय अधिकारी

CamScanner

८. जिल्लाभित्रको विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन भए नभएको सम्बन्धमा अध्ययन, अनुसान्धान तथा अनुगमन गरी विकास निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्नको लागि मन्त्रालय, स्थानीय तह सम्बन्धी विषय हेर्ने प्रदेश सरकारको मन्त्रालय तथा आवश्यकता अनुसार सम्बन्धित गाउँपालिका तथा नगरपालिकालाई समेत सुझाव दिने ।

९. आफ्नो काम कारबाहीको सम्बन्धमा मन्त्रालय र स्थानीय तह सम्बन्धी विषय हेर्ने प्रदेश सरकारको मन्त्रालयलाई प्रत्येक आर्थिक वर्ष समाप्त भएको दुई महिनाभित्र प्रतिवेदन दिने ।

१०.जिल्लाभित्रको विकास तथा निर्माणलाई प्रभावकारी बनाउनको लागि वर्षको कम्तीमा एक पटक वार्षिक समीक्षाको कार्यक्रम आयोजना गरी सो जिल्लाबाट सङ्घीय संसद र प्रदेश सभामा प्रतिधित्व गर्ने संसद-सदस्यलाई आमन्त्रण गरी सुझाव लिने ।

११.नेपाल सरकार वा प्रदेश सरकारले तोकेका अन्य कार्य गर्ने ।

ग) निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण

| क्र. सं | पद | श्रेणी | सेवा | समुह | पद संख्या | पदपुर्ति भएको संख्या | कै. |
|---|---|---|---|---|---|---|---|
| १. | जिल्ला समन्वय अधिकारी | रा.प.द्धितीय | प्रशासन | सा.प्र | १ | १ | |
| २. | शाखा अधिकृत | रा.प.तृतीय | प्रशासन | सा.प्र | १ | १ | |
| ३. | इन्जिनियर | रा.प.तृतीय | इन्जिनियर | सिभिल | १ | रिक्त | |
| ४. | ना.सु. | रा.प अनं.प्रथम | प्रशासन | सा.प्र | १ | १ | |
| ५. | लेखा सहायक | रा.प अनं.प्रथम | प्रशासन | लेखा | १ | १ | |
| ६. | सव-इन्जिनियर | रा.प अनं.प्रथम | इन्जिनियर | सिभिल | १ | १ | |
| ७. | खरिदार | रा.प.अनं. द्धितीय | प्रशासन | सा.प्र | १ | १ | |
| ८. | हलुका सवारी चालक | श्रेणीविहिन | करार सेवा | | २ | २ | |
| ९. | कार्यालय सयोगी | श्रेणीविहिन | करार सेवा | | ३ | ३ | |

करार सेवा प्रयोजन

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १०. | रा.प अनं.प्रथम | | | | | | १ | १ | करार |

जिल्ला समन्वय अधिकारी

जिल्ला समन्वय समिति सुर्खेतका पदाधिकारीहरुको सम्पर्क नम्बर र स्थायी ठेगानाः

| क्र.सं. | नाम | पद | स्थायी ठेगाना | सम्पर्क नम्बर | कैफियत |
|---|---|---|---|---|---|
| १ | गंगाराम सुनार | प्रमुख | वीरेन्द्रनगर न.पा. १, सुर्खेत | ९८५८०५१३२९ | |
| २ | सचिनकुमार बडुवाल | उपप्रमुख | बराहताल गा.पा. ४, सुर्खेत | ९८४४८१३०९४ | |
| ३ | डिल्लीप्रसाद पाण्डे | सदस्य | वीरेन्द्रनगर न.पा. ८, सुर्खेत | ९८५८०५०२१३ | |
| ४ | सावित्रा टमटा | सदस्य | पञ्चपुरी न.पा. ४, सुर्खेत | ९८६९६५५४७६ | |
| ५ | चन्द्राकुमारी धामी | सदस्य | वीरेन्द्रनगर न.पा. १२, सुर्खेत | ९८४८०४७७७८ | |
| ६ | पृथ्वीबहादुर बुढा | सदस्य | लेकबेशीं न.पा. ७, सुर्खेत | ९८२२४५५९४० | |
| ७ | मिना मल्ल | सदस्य | सिम्ता गा.पा. ४, सुर्खेत | ९७४५२०५१२८ | |
| ८ | तुलबहादुर नेपाली | सदस्य | चौकुने गा.पा. ७, सुर्खेत | ९८६३३७७७३३ | |
| ९ | शान्ति तारम | सदस्य | भेरीगंगा न.पा. १, सुर्खेत | ९८६८०३००१३ | |

(ङ) कर्मचारी विवरण (फाँट अनुसार)

| क्र.स. | कर्मचारीको नाम,थर | दर्जा | मोवाईल नम्बर | सम्बन्धित फाँट |
|---|---|---|---|---|
| १. | श्री मेघनाथ सापकोटा | जिल्ला समन्वय अधिकारी | ९८५८०५९२२२ | |
| २. | श्री कृष्णप्रसाद ढुङ्गेना | लेखापाल | ९८५८००२१३२ | लेखा फाँट |
| ३. | श्री डोल्मा थापा | नायब सुब्बा | ९८६८५४३१८४ | प्रशासन फाँट |
| ४. | श्री डिल बहादुर चौधरी | नायब सुब्बा | ९८४८०७४९६३ | निजि सचिवालय |
| ५. | श्री अजय ठाकुर | सव-इन्जिनियर | ९७६५७७८७७७ | प्राविधिक फाँट |
| ६. | श्री मोहनप्रसाद शर्मा | खरिदार | ९८६८२२५९०० | जिन्सि फाँट |
| ७. | श्री विष्णु काफ्ले | हलुका सवारी चालक | ९८४८११५२५५ | |
| ८. | श्री भुपेन्द्र अधिकारी | हलुका सवारी चालक | ९८४८०५०२१६ | |
| ९. | श्री लाल बहादुर बुढा | कार्यालय सहयोगी | ९८४८०८८८५२ | |
| १०. | श्री टंक बहादुर क्षेत्री | कार्यालय सहयोगी | ९८४७७३४९१८ | |
| ११. | श्री कल्पना वली क्षेत्री | कार्यालय सहयोगी | ९८४९६७३९०७ | |

जिल्ला समन्वय अधिकारी

CamScanner

**(च) सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि**

जिल्ला समन्वय समितिको कार्यालयबाट कुनै प्रकारको सेवा दस्तुर लिने कार्य नतोकिएको ।

**(छ) निर्णय गर्ने प्रक्रिया र अधिकारी**

जिल्ला समन्वय समितिका सम्पुर्ण पदाधिकारीहरु, सदस्य सचिव र कर्मचारीहरुको उपस्थितिमा मासिक बैठक बसी आवश्यकता अनुसार निर्णय गर्ने ।

**(ज) निर्णयउपर उजुरी सुन्ने अधिकारी**

जिल्ला समन्वय समिति प्रमुख तथा जिल्ला समन्वय अधिकारी ।

**(झ) सम्पादन गरेको कामको विवरण**

- नियमित रुपमा जिल्ला समन्वय समितिको बैठक बस्ने गरिएको ।
- जिल्लास्थित संघ, प्रदेश र स्थानीय तहका कार्यालय तथा अन्य गैरसरकारी संघ संस्थाहरुले संचालन गर्ने विभिन्न गोष्ठी, बैठक, सभा, सम्मेलन तथा कार्यक्रमहरुमा सक्रिय सहभागिता मार्फत राय, सल्लाह, सुझावहरु प्रदान गर्ने गरिएको ।
- जिल्ला समन्वय समितिले संघ, प्रदेश र स्थानीय तहहरुवीच साझेदारीमा संचालित विकास निर्माणका कार्यमा सहजिकरण एवं सोको अनुगमन समेत गर्ने गरिएको ।
- मिति २०८१ माघ १५ गते चिङ्गाड गाउँपालिकाको कार्यालयमा अध्यक्ष श्री बोधविक्रम जि.सिज्यूको अध्यक्षता एवं जिल्ला समन्वय समितिका उपप्रमुख श्री सचिनकुमार बडुवालज्यूको प्रमुख आतिथ्यतामा अन्तर पालिका समन्वयात्मक बैठक सम्पन्न गरिएको ।
- मिति २०८१ माघ ३० गते गुर्भाकोट नगरपालिका नगरप्रमुख श्री हस्त पुनज्यूको अध्यक्षता एवं जिल्ला समन्वय समितिका उप्रमुख श्री सचिनकुमार बडुवालज्यूको प्रमुख आतिथ्यतामा अन्तर पालिका समन्वयात्मक बैठक सम्पन्न गरिएको ।
- मिति २०८१ फाल्गुन ११ गते लेकवेशी नगरपालिकाका नगरप्रमुख अध्यक्ष उमेशकुमार पौडेलज्यूको अध्यक्षता एवं जिल्ला समन्वय समितिका प्रमुख श्री गंगाराम सुनारज्यूको प्रमुख आतिथ्यतामा अन्तर पालिका समन्वयात्मक बैठक सम्पन्न गरिएको ।
- ढुङ्गा,गिट्टि, बालुवा उतखनन् विक्रि तथा व्यवस्थापन सम्बन्धी जिल्ला अनुगमन समितिको बैठक जिल्ला अनुगमन समितिका संयोजक एवं जिल्ला समन्वय समितिका प्रमुख श्री गंगाराम सुनारज्यूको अध्यक्षतामा मिति २०८१/१२/१८ गते सम्पन्न भएको ।

जिल्ला समन्वय अधिकारी

CamScanner

- ढुङ्गा,गिट्टि, बालुवा उत्खनन् विक्रि तथा व्यवस्थापन सम्बन्धी जिल्ला अनुगमन समितिका संयोजक एवं जिल्ला समन्वय समितिका प्रमुख श्री गंगाराम सुनारज्यूको टोलीले वीरेन्द्रनगर नगरपालिका र लेकवेशी नगरपालिकाको बिचमा पर्ने भाङ्गघारीमा बनेको पक्की पुलको माथिल्लो भाग र तल्लो भाग, पुलसँगै जोडेर स्थापना गरिएको क्रशर उद्योग, मदन भण्डारी राजमार्गको वीरेन्द्रनगर देखि गुर्भाकोट नगरपालिकाको भेडावारीसम्मको सडक खण्डमा बनेका पुल पुलेसाहरुको माथिल्ला भाग र तल्लो भागबाट नदिजन्य पदार्थ उत्खनन् गरेको सम्बन्धमा र मदन भण्डारी राजमार्गको वडीपाटी देखि गंगटेसम्मको वाइवास लिंक रोडको समेत मिति २०८१/१२/१८ गते अनुगमन गरिएको ।
- ढुंगा, गिट्टी, बालुवा उत्खनन्, विक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को दफा ९(१) बमोजिम नदीजन्य तथा खानीजन्य पदार्थको उत्खनन्, संकलन र विक्री सम्बन्धी प्रक्रियाको अनुगमन गर्न गठित जिल्ला अनुगमन समितिको बैठक मिति २०८१/१२/३० सम्पन्न गरिएको ।
- कार्यालय परिसर सरसफाई गर्ने गरिएको ।

**(ञ) सुचना अधिकारी र प्रमुखको नाम र पद**

कार्यालय प्रमुखः मेघनाथ सापकोट
फोन नम्बरः ९८५८०५९२२२, ९८४८०२८१०४
सुचना अधिकारीः डोल्मा थापा
फोन नम्बनरः ९८५८०५९२२३
कार्यालयको ईमेलः dccsurkhet@gmail.com

**(ट) ऐन, नियम, विनियम वा निर्देशिकाको सुची**

- ✓ नेपालको संविधान २०७२
- ✓ स्थानीय सरकार सञ्चालन ऐन २०७४
- ✓ संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन २०७७
- ✓ निजामती सेवा ऐन २०४९ र नियमावली २०५०
- ✓ सुचनाको हक सम्बन्धी ऐन २०६४ तथा नियमावली २०६५
- ✓ सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४
- ✓ आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६
- ✓ आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ संशोधन सहित

जिल्ला समन्वय अधिकारी

CamScanner

- ✓ जिल्ला समन्वय समितिको मौज्दात कोष सञ्चालन निर्देशिका २०७५
- ✓ स्थानीय तहको संस्थागत क्षमता स्वमूल्यांकन कार्यविधी २०७७
- ✓ स्थानीय आर्थिक विकास मूल्याङ्कन कार्यविधी २०७९
- ✓ स्थानीय तहको प्रगति तथा अनुगमन प्रणाली सञ्चालन कार्यविधी २०७५
- ✓ कर्णाली प्रदेश जिल्ला सभा सञ्चालन कार्यविधी ऐन २०७५
- ✓ कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्वन्धी २०७७
- ✓ सरकारी सम्पती तथा जिन्सी मालसामान लिलाम विक्रि सम्वन्धी कार्यविधि २०७९
- ✓ ढुङ्गा, गिट्टी, बालुवा उत्खनन् बिक्री तथा व्यवस्थापन सम्वन्धी मापदण्ड,२०७७

(ठ) आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्वन्धी अद्यावधिक विवरण

**पहिलो त्रैमासिक (चालु खर्च तर्फ)**

| क्र. स. | बजेट उपशिर्षक नं. | कुल विनियोजित बजेट | खर्च | कैफियत |
|---|---|---|---|---|
| १. | ३६५००१०५३ | १४९०२०००।- | २८,३५,७९६।- | तलव भत्ता तथा अन्य प्रशासनिक खर्च |

**दोस्रो त्रैमासिक (चालु खर्च तर्फ)**

| क्र. स. | बजेट उपशिर्षक नं. | कुल विनियोजित बजेट | खर्च | कैफियत |
|---|---|---|---|---|
| १. | ३६५००१०५३ | १४९०२०००।- | ३३,०६,५७५.२४।- | तलव भत्ता तथा अन्य प्रशासनिक खर्च |

**तेस्रो त्रैमासिक (चालु खर्च तर्फ)**

| क्र. स. | बजेट उपशिर्षक नं. | कुल विनियोजित बजेट | खर्च | कैफियत |
|---|---|---|---|---|
| १. | ३६५००१०५३ | १४९०२०००।- | २९,२२,२४०.५४।- | तलव भत्ता तथा अन्य प्रशासनिक खर्च |

जिल्ला समन्वय अधिकारी

(ङ) आवश्यक सम्पर्क नम्बर

कार्यालयको वेवसाइट : dccsurkhet.gov.np

ईमेल : dccsurkhet@gmail.com

फोन नम्बर : ०८३-५२०१७७, ०८३-५२०२७४

जिल्ला समन्वय समिति प्रमुख : गंगाराम सुनार

सम्पर्क नम्बर : ९८५८०५१३२९

जिल्ला समन्वय समिति उपप्रमुखः सचिन कुमार बडुवाल

सम्पर्क नम्बरः ९८४४८१३०९४

जिल्ला समन्वय समिति सदस्य एवम् प्रवक्ता : पृथ्वी बहादुर बुढा

सम्पर्क नम्बर : ९८२२४५५९४०

जिल्ला समन्वय अधिकारी

CamScanner